कोभिड-१९ महामारीकालमा

# स्थानीय सरकारको बजेट प्राथमिकता तथा कार्यान्वयन

माघ २०७७

DEMOCRACY
RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

कोभिड-१९ महामारीकालमा
स्थानीय सरकारको बजेट प्राथमिकता तथा कार्यान्वयन

पहिलो संस्करण २०७७ (सन् २०२१)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

डीआरसीएन आवधिक प्रतिवेदन - १०

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची


आभार घ

१. परिचय १

२. आ.व. २०७७/०७८ मा स्थानीय तहको योजना तर्जुमा २

२.१ कोभिड-१९ ले जनसहभागिता प्रभावित २

२.२ जनप्रतिनिधिबीच मतभेद ३

२.३. बजेट पारित प्रक्रियामा ढिलाइ ३

२.४ आ.व. २०७७/०७८ मा बजेटको आकार ४

३. आ.व. २०७७/०७८ को विषयगत प्राथमिकता र योजना ७

३.१ प्राथमिकतामा विषयगत परिवर्तन ७

३.२ कृषि ८

३.३ स्वास्थ्य ९

३.४ पूर्वाधार ९

३.५ अन्य प्राथमिकता १०

३.६ कोभिड-१९ का कारण पालिकाले राखेका योजना १०

३.७ घर फर्केका नागरिकको रोजगार व्यवस्थापन ११

४. आ.व. २०७६/०७७ को बजेट कार्यान्वयनमा पारेको असर १२

४.१ कोभिड-१९ र लकडाउनले पारेको असर १२

४.२ अन्य तत्त्वले पारेको असर १३

५. निष्कर्ष १४

# आभार

यस अध्ययनको सिलसिलामा अन्तर्वार्ता गरिएका व्यक्तिहरूप्रति डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) धन्यवाद ज्ञापन गर्दछ । स्थानीय तहका निर्वाचित प्रतिनिधि, कर्मचारी, पत्रकार तथा नागरिकहरूको सहयोगविना यो अध्ययन सम्भव थिएन । प्रतिवेदनको मस्यौदा पढेर महत्त्वपूर्ण सुझाव दिने प्रदेश २ को नीति आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा तथा लेआउट र डिजाइन गरिदिने किशोर प्रधानप्रति डीआरसीएन आभारी छ ।

यो अध्ययनको नेतृत्व अनुभव अजीतले गरेका हुन् । अनुसन्धाताहरू अंकलाल चलाउने, अरूणा लिम्बु, चिरन मानन्धर, जोन कार्की, पुनम लिम्बु र शेखर पराजुलीले टेलिफोन अन्तर्वार्तामार्फत सङ्कलन गरेको तथ्याङ्क र सूचनाका आधारमा यो प्रतिवेदन लेखन आलोक पोख्रेल, ईश्वरी भट्टराई र सोभित सुवेदीले गरेका हुन् । मिडिया अनुगमन र तथ्याङ्क वर्गीकरणमा स्मृति राईको योगदान रह्यो । यस अध्ययनको अवधिभर दिपक तामाङ, पासाङ किली शेर्पा, भेनिसा उदास र ममता आचार्यले प्रशासनिक तथा व्यवस्थापकीय सहयोग गरेका थिए ।

द एसिया फाउण्डेशनले यो अध्ययनलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरेको हो । प्रतिवेदनका सबै निचोड र विश्लेषण डीआरसीएनको अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न पनि सक्छन् ।

**डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)**

कुपण्डोल, ललितपुर

# १. परिचय

कोभिड-१९ महामारी शुरू भएपछि नेपालमा तीनै तहका सरकारको सम्पूर्ण ध्यान यसको नियन्त्रण तथा रोकथाममा केन्द्रित भयो। जनताको नजिक रहेर प्रत्यक्ष सेवा प्रवाह गर्ने दायित्व बोकेका स्थानीय सरकारमाथि यस महामारीले अझ बढी दबाब पुऱ्याएको थियो। संक्रमितको पहिचान र उपचारका साथै रोगविरुद्ध सचेतना र पूर्वतयारीमा ध्यान दिनुपर्दा स्थानीय तहमा आर्थिक वर्ष (आ.व.) २०७६/०७७ को स्वास्थ्य क्षेत्रको बजेट खर्च अप्रत्यासित रूपमा बढ्यो। महामारीले निम्त्याएको असामान्य परिस्थितिले स्थानीय सरकारको आ.व. २०७६/०७७ को वार्षिक बजेट खर्च तथा योजना कार्यान्वयन पनि प्रभावित भए। अर्कोतर्फ महामारी व्यापक रूपमा फैलिरहेको असहज परिस्थितिमा नै नयाँ आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम, बजेट विनियोजन, विषयगत क्षेत्रका प्राथमिकता निर्धारण र नयाँ योजना तर्जुमा गर्नुपऱ्यो।

संघ र प्रदेश सरकारले क्रमशः जेठ १५ र असार १ गते वार्षिक बजेट पेश गरेपछि असार १० मा स्थानीय तहले नयाँ आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुपर्ने प्रावधान छ। धेरैजसो स्थानीय तहले सो काम समयमै गरे भने केहीले गरेनन्। कोभिड-१९ संक्रमण फैलिने दर कम गर्न लागू गरिएको देशव्यापी लकडाउनको कारण सार्वजनिक भेटघाट, सभा, सम्मेलन गर्न बन्देज गरिएको थियो।[१] यस विषम परिस्थितिमा स्थानीय एकाइहरूले अघिल्लो आ.व. (२०७६/०७७) को बजेट कार्यान्वयनमा आएका चुनौती र चालु आ.व. (२०७७/०७८) को योजना तर्जुमा प्रक्रियामा अपनाइएको विधिका साथै पालिकाहरूले निर्धारण गरेको प्राथमिकता र चुनौती यो अध्ययनले समेटेको छ।

यस अध्ययनका लागि डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले सातै प्रदेशका स्थानीय एकाइको प्रतिनिधित्व हुने गरी नमुना छनोट गरेको थियो। कुल ७५३ पालिकामध्ये ५२ ओटा (७%) पालिका छनोटमा परेका थिए।[२] ती पालिकाका निर्वाचित प्रतिनिधि विशेषगरी स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वा प्रमुख प्रशासकीय अधिकृतमध्ये कुनै एक जनासँग टेलिफोन अन्तर्वार्ता गरिएको थियो।[३] कुल ५२ पालिकामध्ये ४२ ओटा पालिकामा टेलिफोन सम्पर्क हुन सकेको थियो। यसबाहेक परीक्षण अध्ययन चरणमा कुराकानी भई आवश्यक जानकारी प्राप्त भएकाले नमुना छनोटको सूचीमा नपरेका तीन पालिकालाई पनि यस अध्ययनमा समावेश गरिएको छ। यसरी कुल ४५ पालिकाका उत्तरदातामा २६ जना प्रमुख/अध्यक्ष, ११ उपप्रमुख/उपाध्यक्ष, सात जना प्रमुख प्रशासकीय अधिकृत र एक जना लेखा अधिकृत थिए। केही पालिकामा एक उत्तरदाताबाट पूर्ण जानकारी प्राप्त नभएको अवस्थामा सोही पालिकाका अन्य पदाधिकारीसँग पनि कुराकानी गरिएको थियो। अतिरिक्त विश्लेषण, केस स्टडी तथा गुणात्मक र विषयगत जानकारीका लागि नमुना छनोटमा नपरेका केही अन्य पालिकाका

**तालिका १ : प्रदेश स्तरमा अध्ययनमा समावेश पालिका**

| क्र. सं. | प्रदेश | कुल पालिका संख्या | नमुना छनोट पालिका संख्या | टेलिफोन सम्पर्क भएका पालिका संख्या | टेलिफोन सम्पर्क हुन नसकेको पालिका संख्या |
|---|---|---|---|---|---|
| १. | प्रदेश १ | १३७ | १० | ९ | १ |
| २. | प्रदेश २ | १३६ | ९ | ७ | २ |
| ३. | बागमती | ११९ | ८ | ६ | २ |
| ४. | गण्डकी | ८५ | ६ | ६ | ० |
| ५. | लुम्बिनी | १०९ | ८ | ६ | २ |
| ६. | कर्णाली | ७९ | ५ | २ | ३ |
| ७. | सुदूरपश्चिम | ८८ | ९ | ६+३* | ३ |
| | **कुल** | **७५३** | **५५** | **४२+३ = ४५** | **१३** |

** नमुना छनोटमा परेकाबाहेक तीन पालिका समावेश।*

[१] नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कोभिड-१९ को कारण उत्पन्न असहज परिस्थितिमा गाउँपालिका/नगरपालिकाको 'तत्कालीन आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा ढाँचा' उपलब्ध गराएको थियो।

[२] नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ पालिकामध्ये १६२ पालिकालाई (क) वर्ग (अति दुर्गम) २१८ पालिकालाई (ख) वर्ग (दुर्गम), २७५ पालिकालाई (ग) वर्ग (मध्यम) र ९८ पालिकालाई (घ) वर्ग (सुगम) मा वर्गीकरण गरेको छ। यसअन्तर्गतका सबै वर्ग पर्ने गरी यो अध्ययनका लागि स्थानीय एकाइको नमुना छनोट गरिएको थियो। यद्यपि सुगम पालिकाहरू समावेश भए पनि महानगरपालिका र उप-महानगरपालिका यस अध्ययनमा परेका छैनन्।

[३] टेलिफोन अन्तर्वार्ता भदौ १४ देखि असोज ५, २०७७ सम्म गरिएको थियो।

प्रतिनिधिसँग पनि कुराकानी गरिएको थियो । मिडिया अनुगमनबाट प्राप्त जानकारीको पनि उपयोग गरिएको छ । यसरी प्राप्त जानकारीलाई संख्यात्मक र गुणात्मक विश्लेषण गरिएको छ ।

टेलिफोन अन्तर्वार्ताका लागि सङ्क्षिप्त प्रश्नावली तयार गरिएको थियो जसमा वस्तुगतका साथै विषयगत प्रश्नहरू समावेश थिए । प्रश्नावलीमा पालिकाको योजना तर्जुमा तथा प्राथमिकीकरण, बजेट खर्च तथा योजना कार्यान्वयन, र कोभिड-१९ ले योजना कार्यान्वयनमा पारेको प्रभाव र कोभिड-१९ का कारण बदलिएको प्राथमिकतासम्बन्धी प्रश्नहरू थिए । सङ्कलन गरिएको जानकारीलाई तालिकीकरण गरेर तुलनात्मक विश्लेषण गरी कोभिड-१९ महामारीको समयमा स्थानीय तहको बजेट खर्च तथा प्राथमिकतासम्बन्धी समग्र चित्र प्रस्तुत गरिएको छ । यो प्रतिवेदनको यसपछिको खण्डमा आ.व. २०७७/०७८ मा स्थानीय तहको योजना तर्जुमा प्रक्रिया र बजेटबारे चर्चा गरिएको छ । तेस्रो खण्डमा बजेटको प्राथमिकताका आधार र योजना तथा कार्यक्रमबारे व्याख्या गरिएको छ । त्यसपछिको खण्डमा आ.व. २०७६/०७७ को बजेट खर्च र कार्यान्वयनको पक्षलाई हेरिएको छ । अन्त्यमा निष्कर्ष समावेश छ ।

## २. आ.व. २०७७/०७८ मा स्थानीय तहको योजना तर्जुमा

कोभिड-१९ संक्रमण रोकथामका लागि नेपाल सरकारले चैत ११, २०७६ देखि देशव्यापी लकडाउन गरेपछि स्थानीय तहका सम्पूर्ण क्रियाकलाप लगभग ठप्प भए । तिनले आफ्नो ध्यान कोभिड-१९ नियन्त्रणमा लगाए । नयाँ आ.व. २०७७/०७८ को बजेटको पूर्वतयारी गर्नुपर्ने बेलामा स्थानीय तहको कामकाज प्रभावित हुन पुग्यो ।

### *२.१ कोभिड-१९ ले जनसहभागिता प्रभावित*

सार्वजनिक भेला र कार्यक्रम आयोजना गर्न बन्देज गरिएकाले स्थानीय तहमा बजेट तर्जुमाका लागि सार्वजनिक छलफलमा नागरिक सहभागिता जुटाउन सहज भएन । कोभिड-१९ को त्रासदिपूर्ण वातावरणले गर्दा वडाका प्रतिनिधि र अन्य सरोकारवाला व्यक्तिहरू बीचको छलफलसमेत प्रभावित भएको थियो ।

कोभिड-१९ को समयमा योजना तर्जुमा प्रक्रियामा के-कस्ता चुनौतीहरू देखा परेका थिए भन्ने प्रश्नमा ३८ प्रतिशत पालिकाका प्रतिनिधिले आफ्नो पालिकामा खासै चुनौती नभोगेको र आवश्यक विधि पुऱ्याएर सम्पूर्ण बजेटका काम र योजना तर्जुमा गरेको बताए । "योजना तर्जुमा प्रक्रियामा वडा र बस्ती स्तरमा जनसहभागिता सुनिश्चित गरी आवश्यक सातै चरण पूरा गरियो । स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानअनुसार नै गरियो," रामेछापको गोकुलगंगा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले बताए । भौगोलिक रूपमा विकट र कम जनसंख्या भएका गाउँपालिकाहरूमा कोभिड-१९ को प्रभाव कम भएको र योजना छनोटमा नागरिक सहभागितामा खासै फरक नपरेको देखियो । कोभिड-१९ बाट प्रभावित नभइसकेका त्यस्ता कतिपय पालिकामा सामाजिक दुरी पालना गरी वडा र बस्ती तहको जनसहभागितासहित योजना तर्जुमा गरिएको उत्तरदाताहरूले बताए ।

कोभिड-१९ का कारण योजना तर्जुमा विधि केही परिमार्जन गरिएको र प्रक्रियागत छलफल र जनसहभागिता पहिलेभन्दा खुम्चिएको थियो । यद्यपि कतै सीमित संख्यामा सामूहिक भेला गरिएको, कतै टेलिफोनबाट राय सुझाव मागिएको र कतै स्वयंसेवक तथा प्रतिनिधि परिचालन गरेर योजना सङ्कलन गर्ने प्रयास भएको पनि बताइयो । बाग्मती प्रदेशको राक्सिराङ गाउँपालिकाका अध्यक्षका अनुसार, "अरू चुनौती खासै थिएन तर पहिले १०० जना जतिको भेला हुन्थ्यो भने यसपालि १० जना मात्र भए होलान् कोरोनाको कारणले गर्दा ।" बागमतीकै शंखरापुर नगरपालिकाले वडामा बजेट सिलिङ पठाएर, सूचनापत्र जारी गरी राय सुझाव लिएको नगरपालिका प्रमुखले बताए । त्यस्तै सुदूरपश्चिमको दिपायल सिलगढी नगरपालिकाले वडा र टोलहरूबाट एकएक जना प्रतिनिधिलाई समावेश गराई १० देखि १५ जनासम्मको समूह बनाएर छलफल गरी योजना सङ्कलन गरेको थियो । गण्डकी प्रदेशको बडिगाड गाउँपालिकामा स्थानीय बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि, संघ संस्थाका प्रतिनिधिलाई फोन गरेर योजना सङ्कलन गरी प्राथमिकीकरण गरिएको अध्यक्षले जानकारी दिए । कतिपय पालिकामा स्वास्थ्य स्वयंसेविका, कर्मचारी र वडा समिति सदस्य परिचालन गरी टोल-टोलबाट नै योजना सङ्कलन गरिएको पाइयो । यी विधि अपनाइए पनि योजना छनोटमा सीमित व्यक्ति सहभागी भएका थिए जसले गर्दा विभिन्न लक्षित वर्ग, महिला, जनजाति, दलित लगायतका पिछडिएका वर्ग र समुदायका विषय वा मागको उचित प्रतिनिधित्व हुन सकेन । लक्षित वर्गका लागि निश्चित प्रतिशत बजेट छुट्ट्याउनुपर्ने प्रावधान नभएकोले पछिल्ला वर्षहरूमा तिनका लागि निकै कम बजेट विनियोजन हुने गरेको गुनासो थियो नै । महामारीकालको प्रतिकूल परिस्थितिमा जनसहभागितामूलक

योजना तर्जुमा झनै खुम्चिन गएको हुँदा लक्षित वर्गमा कस्तो प्रभाव परेको छ भन्नेबारे बेग्लै अध्ययन जरुरी छ ।

जनसहभागितामूलक तरिकाबाट योजना छनोट हुने व्यवस्था भए पनि निर्णय लिने बेला जनप्रतिनिधिहरूले आफ्ना चाहनाअनुरूपका योजनालाई प्राथमिकता दिने अभ्यास पहिले पनि थियो । "वडा अध्यक्षहरूले ५० प्रतिशत जति योजना आफ्नै व्यक्तिगत रूचिका ल्याउँछन्," सुदूरपश्चिम प्रदेशको एक गाउँपालिका अध्यक्षले बताए। आफ्ना योजनालाई प्राथमिकता दिने यस्तो प्रवृत्ति वडाध्यक्षमा मात्र नभई कार्यपालिकाका अन्य प्रतिनिधि, कर्मचारी र अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुखमा पनि भएको तथ्य डीआरसीएनको एक अध्ययनले उल्लेख गरेको छ।[४] झन् लकडाउनका बीच यस आर्थिक वर्षको बजेट तर्जुमा तथा योजना छनोट प्रक्रिया सम्पन्न गरिएका कारण पालिका प्रतिनिधि र कर्मचारीले योजना छनोटमा अधिकतम प्रभाव पारेको पाइयो ।

करिब १० प्रतिशत पालिकाका प्रतिनिधिले अघिल्ला वर्ष योजना तर्जुमा प्रक्रियामा धेरैजसो स्थानीय सरोकारवाला र विज्ञसँग छलफल गर्ने गरिएको तर यस वर्ष त्यसो गर्न नसकिएको बताए । केही पालिकामा विषयगत कर्मचारीहरू नहुँदा र लकडाउनका कारण कर्मचारी उपस्थित नहुँदा पनि योजनामा पर्याप्त ध्यान पुऱ्याउन नसकेको बताइयो। "संक्रमणका डरले गर्दा कर्मचारी पनि कार्यालयमा भएनन् । त्यसैले विषयगत क्षेत्रका योजनामा ध्यान कम भयो कि भन्ने लागेको छ," सुदूरपश्चिमको साइपाल गाउँपालिकाका अध्यक्षले बताए। यसले स्थानीय तहमा विषयगत क्षेत्रहरूमा बजेट विनियोजन र योजना निर्माण गर्दा कर्मचारी र विज्ञहरूको आवश्यकता दर्शाउँछ।

## २.२ जनप्रतिनिधिबीच मतभेद

निर्वाचित जनप्रतिनिधि बीचको असमझदारी र एकले अर्काको क्षेत्राधिकारमा गर्ने हस्तक्षेपले पनि योजना तर्जुमा प्रक्रिया प्रभावित भएको पाइयो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कार्यकारी जिम्मेवारी अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुखबीच बाँडफाँट गरेको छ जसअन्तर्गत उपाध्यक्षले बजेट तथा योजना तर्जुमा समितिको नेतृत्व गर्दछन्। यो समितिमार्फत नै पालिकाको वार्षिक योजनाले पूर्ण स्वरूप पाउँछ। तर केही पालिकाहरूमा उपाध्यक्ष र विशेषगरी महिला उपाध्यक्षलाई यो प्रक्रियाबाट वञ्चित गरेको पाइयो। प्रदेश २ को एक गाउँपालिकाकी उपाध्यक्षले पालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलगायत अन्य पुरुष नेतृत्वले उनीजस्ता महिलाको नेतृत्व र भूमिकालाई कम आँकलन गर्ने र बजेट प्रक्रियाबारे उनको भूमिका मुख्य हुँदाहुँदै पनि कुनै जानकारी नदिने गरेको आरोप लगाइन् । उनले आफ्नो छिमेकी पालिकाका लगभग सबै महिला उपाध्यक्षहरू यही समस्याबाट गुज्रेको पनि बताइन्। "पुरुष प्रतिनिधिको दबाबमा हामीजस्ता महिलाले काम गर्नु परेको छ । बहुमतले जे गर्छन् त्यही भइरहेको छ । हाम्रो मनोबल गिरेको छ । हामीले कसलाई भन्ने ? अध्यक्षले जे भन्यो त्यही हुन्छ। पालिकाका लागि भनेर गाडी किन्छन् अनि आफ्ना काममा उपयोग गर्छन्," ती उपाध्यक्षले भनिन्। प्रदेश २ कै अर्को एक पालिकाका अध्यक्षले पनि आफू र उपाध्यक्षबीच विवाद रहेको जानकारी दिए। उक्त पालिकामा असोजको पहिलो सातासम्म पनि बजेट पारित हुन सकेको थिएन। "बजेट बाँडफाँटको बेला उपाध्यक्षहरू आफैले भनेको जस्तो मात्रै होस् भन्ने चाहन्छन्। उनीहरूमा अनुभवको पनि कमी छ। त्यसले समस्या ल्याउँछ," उनले आफ्नो भनाइ राखे। अन्य प्रदेशको तुलनामा प्रदेश २ मा अध्यक्ष र उपाध्यक्ष बीचको विवाद र असमझदारी अझ बढी रहेको र यसले गर्दा पनि योजना तर्जुमा प्रक्रिया प्रभावित भई बजेट पास गर्न पनि ढिलो भएको पाइयो (हेर्नुहोस्, केस स्टडी १)। प्रदेश २ का उपाध्यक्ष महिलाहरूले बजेट प्रक्रियामा आफूहरू उपेक्षित हुने गरेको अनुभव यस अध्ययनका क्रममा सुनाएका थिए। यसले पालिकाका काम कारबाहीमा निगरानी तथा नियन्त्रणका साथै पारदर्शिताका अभ्यासमा असर पारेको छ । कार्यविभाजन व्यवहारमा स्थापित नहुँदा कुनै एक प्रतिनिधिले एकलौटी निर्णय लिने र अनियमितता बढ्न सक्ने सम्भावना देखिन्छ।

## २.३. बजेट पारित प्रक्रियामा ढिलाइ

योजना तर्जुमापश्चात् असार १० मा स्थानीय तहले बजेट विनियोजन प्रस्ताव गाउँ/नगर सभामा पेश गरी असार मसान्तसम्म पारित गरिसक्नुपर्ने प्रावधान छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्याङ्कअनुसार देशभरका ७७ प्रतिशत पालिकाहरूले मात्र असार १० भित्रै स्थानीय सभामा बजेट पेश गरेका थिए। असार मसान्त (३१ गते) सम्म ९२ प्रतिशत पालिकाले पेश गरे भने साउन मसान्त (३२ गते) सम्म ९४ प्रतिशतले बजेट पेश गरेका थिए । निर्धारित समयमा बजेट पेश नगर्ने धेरैजसो पालिका प्रदेश २ का थिए। त्यहाँका झण्डै आधाजसो पालिकाले असार १०

---

[४] डीआरसीएन । सन् २०१९ । स्थानीय तहको बजेट विनियोजन तथा कार्यान्वयन। काठमाडौँ : डीआरसीएन।

**तालिका २ : गाउँ/नगर सभामा बजेट पेश गरेका पालिका संख्या**

| क्र.सं. | प्रदेश | पालिका संख्या | असार १०सम्म बजेट पेश गरेका पालिका | प्रतिशत | असार ३० सम्म बजेट पेश गरेका पालिका | प्रतिशत | साउन ३२ सम्म बजेट पेश गरेका पालिका | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश १ | १३७ | १०७ | ७८.१०% | १३० | ९४.८९% | १३३ | ९७.०८% |
| २. | प्रदेश २ | १३६ | ७६ | ५५.८८% | ९८ | ७२.०६% | १०१ | ७४.२६% |
| ३. | बागमती | ११९ | ९७ | ८१.५१% | ११४ | ९५.८०% | ११५ | ९६.६४% |
| ४. | गण्डकी | ८५ | ७२ | ८४.७१% | ८३ | ९७.६५% | ८३ | ९७.६५% |
| ५. | लुम्बिनी | १०९ | १०१ | ९२.६६% | १०८ | ९९.०८% | १०९ | १००.००% |
| ६. | कर्णाली | ७९ | ६० | ७५.९५% | ७७ | ९७.४७% | ७९ | १००.००% |
| ७. | सुदूरपश्चिम | ८८ | ७० | ७९.५५% | ८० | ९०.९१% | ८४ | ९५.४५% |
| | कुल | ७५३ | ५८३ | ७७.४२% | ६९० | ९१.६३% | ७०४ | ९३.४९% |

*स्रोत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।*

मा बजेट पेश गर्न सकेनन्। करिब दुई महिनापछि (साउन ३२ सम्म) पनि लगभग २६ प्रतिशत पालिकाले बजेट पेश गरेका थिएनन्। साउन मसान्तसम्ममा अन्य प्रदेशमा भने ९५ प्रतिशतभन्दा बढी पालिकाले बजेट पेश गरेका थिए।

यस अध्ययनमा समावेश ४५ पालिकामध्ये चार (९%) पालिकामा भदौ मसान्तमा पनि आर्थिक वर्ष २०७७/०७८ को बजेट पारित हुन सकेको थिएन। केही पालिकामा कोभिड-१९ का कारण ढिलो भएको जनप्रतिनिधिको राय थियो (हेर्नुहोस्, *कोभिडले योजना तर्जुमा प्रक्रियामा पारेको प्रभाव*)। तर धेरै पालिकामा बजेट पेश ढिलो हुनुमा जनप्रतिनिधि बीचको कार्यक्षेत्राधिकार र जिम्मेवारीका साथै योजना छनोटका विषयमा विवाद र मतभेद नै मुख्य कारण थिए। यस अध्ययनमा समावेश गरिएका पालिकामध्ये करिब २० प्रतिशतमा योजना तर्जुमा प्रक्रियामा सबै पक्षको माग पूरा गर्न नसकेर विवाद हुने गरेको, जनप्रतिनिधिबीच द्वन्द्व हुने गरेको र सबै पक्षलाई चित्त बुझाउन गाह्रो हुने उत्तरदाताले बताए।

सामान्यतया टोल-बस्ती स्तरमा छलफलमार्फत योजना छनोट गरिन्छ र तिनलाई वडा समितिले प्राथमिकीकरण गरी पालिकालाई पठाउने गर्दछ। ती योजना पालिका केन्द्रमा फेरि विभिन्न विषयगत समिति र उपप्रमुख/उपाध्यक्षको नेतृत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले पुन: प्राथमिकीकरण गर्छन्। संघ सरकारले प्राथमिकीकरणका केही आधारहरू तय गरे पनि यस प्रक्रियामा निर्णायक भूमिका जनप्रतिनिधिकै रहन्छ। यसले गर्दा आफ्ना अनुकूलका योजना पार्न जनप्रतिनिधिबीच प्रतिस्पर्धा र विवाद हुने गरेको पाइयो। जनप्रतिनिधि भिन्न-भिन्न पार्टीका भएमा पनि बजेट विनियोजन तथा योजना तर्जुमा प्रक्रियामा विवादको सम्भावना बढ्ने देखियो। जनप्रतिनिधि बहुमत/अल्पमतमा विभाजित हुँदा र समयमै विवाद नसल्टिँदा बजेट पेश गर्ने र पास गर्ने मिति पनि पछि धकेलिएको थियो (हेर्नुहोस्, केस स्टडी १)।

प्रदेश १ को मोरङको केराबारी गाउँपालिका प्रमुखका अनुसार टोल समितिहरूबाट बजेटले नधान्ने गरी अत्यधिक योजनाहरूको माग हुने हुँदा कति बजेट कुन कार्यक्रमको लागि छुट्ट्याउने भन्ने कुरामा विवाद हुने गरेको थियो। सीमित बजेटमा धेरै योजनाको माग हुँदा जनप्रतिनिधिलाई सबै माग सम्बोधन गर्न गाह्रो परेको थियो। यस पटक धेरै पालिकामा अतिरिक्त बजेट कोभिड-१९ रोकथाममा खर्च भएकाले पनि अन्य योजनाका लागि बजेट कम भयो।

### *२.४ आ.व. २०७७/०७८ मा बजेटको आकार*

लगभग सबै पालिकामा आर्थिक वर्ष २०७७/०७८ मा स्थानीय तहको बजेटमा गत आर्थिक वर्षभन्दा केही प्रतिशतले वृद्धि भएको जनप्रतिनिधिले बताए (हेर्नुहोस्, चित्र १)। औसतमा गत आ.व. भन्दा करिब १४ प्रतिशतले अनुमानित बजेट वृद्धि भएको देखिन्छ।[५] मुख्यत: सशर्त अनुदानतर्फ बजेट बढेको थियो। केही पालिकामा विशेष अनुदान र समपूरक अनुदान वृद्धि भएर पनि बजेटको आकार बढेको थियो। विगतका वर्षमा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक

[५] अध्ययनमा समावेश ४५ पालिकामध्ये ४० पालिकाका प्रतिनिधिले आ.व. २०७६/०७७ र २०७७/०७८ को अनुमानित बजेटबारे जानकारी दिएका आधारमा औसत हिसाब गरिएको।

### केस स्टडी १ : जनप्रतिनिधिबीचको विवादले बजेट विनियोजन प्रभावित

प्रदेश २ को साम्सी गाउँपालिकाले ढिलो गरी २०७७ असोजको अन्तिम साता बजेट पेश गऱ्यो । तर त्यो पनि विवादरहित हुन सकेन । पालिकामा विभिन्न राजनीतिक दलको मिश्रित प्रतिनिधित्व छ । अध्यक्ष र उपाध्यक्ष नेपाल कम्युनिष्ट पार्टीका हुन् भने कुल सात वडामध्ये तीन ओटामा नेपाल कम्युनिष्ट पार्टी, दुई ओटामा नेपाली काँग्रेस र अन्य दुई वडामा जनता समाजवादी पार्टीको प्रतिनिधित्व छ । अध्यक्ष र उपाध्यक्ष एउटै पार्टीका भए पनि एकअर्काबीच विवाद छ र अन्य जनप्रतिनिधिहरू फरकफरक दलका हुनाले दुई वर्षदेखि नै मतभेद कायम छ । यसको असर सेवा प्रवाहमा पनि परेको छ । "अध्यक्ष र उपाध्यक्षबीचको मनमुटावको कारणले निर्धारित योजना कार्यन्वयनमा समस्या छ । गत वर्ष (२०७६/०७७) विद्यार्थीहरूले स्कुलमा खाजासमेत खान पाएनन् । विकासका कुनै काम भएको छैन ।" एक स्थानीय पत्रकारले बताए ।

पालिकाका जनप्रतिनिधि अध्यक्ष वा उपाध्यक्षको पक्ष लिई झण्डै आधाआधीको समूहमा विभाजित थिए । उपाध्यक्षले आफ्नो श्रीमानसँग मिलेर कार्यपालिकाको काममा हस्तक्षेप गरेको अध्यक्ष पक्षको आरोप थियो । उपाध्यक्ष पक्षले अध्यक्षले कुनै जानकारी नदिई एकलौटी हिसाबले बजेट परिचालन र निर्णय गरेको आरोप लगाएका थिए । राजस्व परामर्श समितिको बैठक नै नगरिएको, सबै समितिमा अध्यक्षको नै बोलबाला रहेकोजस्ता थप आरोप उपाध्यक्षको थियो । साम्सी गाउँपालिकामा २०७६ पुसमा पछिल्लो गाउँसभा भएपश्चात् कुनै सभा हुन सकेको थिएन ।

जनप्रतिनिधि र तत्कालीन प्रमुख प्रशासकीय अधिकृतबीचको अर्को द्वन्द्वका कारणसमेत प्रशासनिक काम, कोभिड-१९ सम्बन्धित व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह अवरुद्ध भएको पाइयो ।* आ.व. २०७७/०७८ को योजना तर्जुमा गर्ने प्रक्रियामा प्रमुख प्रशासकीय अधिकृतविहीन थियो गाउँपालिका । हाल कार्यरत प्रमुख प्रशासकीय अधिकृत असोजको पहिलो साताबाट गाउँपालिकामा हाजिर भएका थिए । गाउँपालिकामा आएपश्चात् संघ, प्रदेश र जिल्लास्तरीय नेताहरूसँग सम्पर्क गरी आफूले दुवै पक्षलाई मिलाउन खोजे पनि सफल नभएको प्रमुख प्रशासकीय अधिकृतले बताए । बजेट पेश गर्न ढिलो भएकाले असोज २१ गतेको लागि गाउँ सभाको बैठक आह्वान भयो । तर उपाध्यक्ष समर्थित पक्षले केही दिनको समय मागेकाले असोज २८ गते पुन: गाउँसभाको बैठक आह्वान गरिएको थियो । तर उपाध्यक्ष समूहका कोही नआएको र बहुमत प्रतिनिधि पुऱ्याएर बजेट पारित गरिएको प्रमुख प्रशासकीय अधिकृतले बताए । सदस्यहरूलाई जबर्जस्ती हस्ताक्षर गर्न लगाई बजेट पेश गरेको र बिनाजानकारी बजेट पेश गरेको भन्ने मुख्य दुई आधारमा जनकपुर उच्च अदालतमा उपाध्यक्ष पक्षधरले मुद्दा हाले । सो मुद्दा जनकपुर उच्च अदालतमा विचाराधीन नै छ । उपाध्यक्षले आफूलाई बजेटबारे कुनै जानकारी नदिइएको, बजेट पेश भएको हल्ला मात्र सुनेको र नीति तथा कार्यक्रम प्रस्तुत नै नभएको बताइन् । "केही सीमित पालिका सदस्यको घर-घरमा गई हस्ताक्षर गरेर र उनीहरूलाई आर्थिक प्रलोभनमा पारेर बजेट पारित गरियो । लोकतन्त्रमा पालना गर्नुपर्ने न्यूनतम मान्यता पनि अपनाइएको छैन ।" एक वडा अध्यक्षले भने ।

अध्यक्ष र उपाध्यक्षबीचको द्वन्द्व पालिकाका हरेक क्रियाकलापमा देखिन्छ । यसले आ.व. २०७७/०७८ को योजना तर्जुमामा समेत असर गरेको देखियो । "पालिकाका सात वडामध्ये जम्मा चार वडाबाट मात्र योजना माग भएको थियो । त्यसैलाई आधार मानी बजेट विनियोजन गरिएको र बाँकी वडामा जनसंख्या एवम् भूगोललाई ध्यान दिँदै अध्यक्षको तजविजमा एकमुष्ट रकम विनियोजन गरिएको छ," प्रमुख प्रशासकीय अधिकृतले बताए । उपाध्यक्षले योजना कार्यान्वयनको अनुगमन गर्ने कानूनी व्यवस्था रहेको तर उपाध्यक्ष र अध्यक्षबीच द्वन्द्व रहेकाले योजना अनुगमन कसरी हुने हो भन्ने चिन्ता उनले व्यक्त गरे ।

** पथिक, नवराज । २०७७ । जनप्रतिनिधि र कर्मचारीबीच जुहारी, साम्सी गाउँपालिकामा बढ्यो बेथिति । https://sunrisekhabar.com/en/news-details/14-06-2020/14516 मा उपलब्ध; पुस २९, २०७७ मा हेरिएको ।*

अनुदान र त्यसको अनुमानित सिलिङ आर्थिक वर्षको मध्यतिर प्राप्त हुने गरेको तर यो वर्ष बजेट सिलिङ पनि शुरूमा नै प्राप्त भएकाले पनि स्थानीय तहको बजेटको आकारमा वृद्धि भएको देखिन्छ । "समपूरक अनुदान पहिलेपहिले वर्षको बीचमा मात्र आउँथ्यो । अहिले शुरूमै आएकाले बजेटमा समावेश गरियो । त्यसैले बजेट बढ्यो," बाग्मतीको सुनकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले बताए ।

संघ सरकारबाट प्राप्त हुने अनुदान बढे पनि खासमा त्यो रकमको मुख्य हिस्सा सशर्त अनुदानतर्फ बढेको हुनाले स्थानीय तहको

**चित्र १ : आ.व. २०७६/०७७ र २०७७/०७८ मा पालिकाहरूको औसत बजेट रकम (रू करोडमा)***




** चित्रमा प्रदेश १ को आठ, प्रदेश २ को छ, बागमतीको छ, गण्डकीको पाँच, लुम्बिनीको पाँच, कर्णालीको दुई र सुदूरपश्चिमको आठ पालिका गरी कुल ४० पालिकाका प्रतिनिधिले बताएको तथ्याङ्कका आधारमा ।*

आवश्यकता अनुसारको योजना तर्जुमा गर्न त्यसले नसघाउने जनप्रतिनिधिको राय थियो । "स्थानीय तहको बजेट आकारमा ठूलो देखिन्छ तर योजनामा हेर्दा सशर्तका धेरै योजना हुन्छन्," दोगडाकेदार गाउँपालिकका अध्यक्षले बताए । आ.व. २०७६/७७ मा समानीकरण अनुदान र सशर्त अनुदान गरी २१३.८ अर्ब अनुदान स्थानीय तहमा गएको थियो ।[६] यस वर्ष सो रकम वृद्धि भई २५१.२ अर्ब पुगेको छ । सशर्त अनुदान ३७.२ अर्बले वृद्धि भएको छ भने समानीकरण अनुदान ०.२ अर्बले मात्र बढेको छ । संघ सरकारले सशर्त अनुदानलाई प्राथमिकतामा राख्दा स्थानीय तहको आफ्ना प्राथमिकता सम्बोधन गर्ने आर्थिक स्रोत तुलनात्मक रूपमा कम हुने देखियो ।

गत आ.व. मा खर्च नभएको बजेट चालु आ.व. मा समावेश भएर पनि बजेटको आकार बढेको देखिन्छ । कतिपय पालिकाले आन्तरिक राजस्वमा वृद्धि हुने प्रक्षेपण पनि गरेका थिए । करिब २० प्रतिशत पालिकाकाले राजस्व सङ्कलनको लक्ष्य बढाएका थिए । यसरी राजस्व सङ्कलन वृद्धि गर्ने योजना बनाएका कतिपय पालिकामा खनिज पदार्थ उत्खनन तथा सञ्चालनजस्ता आयस्रोतका नयाँ माध्यम थिए । केही पालिकामा आफ्नो पालिकामा रहेका नदी-खोलाका गिट्टी, ढुङ्गा, बालुवा आदिबाट राजस्व बढ्ने प्रक्षेपण गरेका थिए । कतिपय पालिकामा भने धेरै योजनाको माग भएपछि सबैलाई चित्त बुझाउने भनेर आन्तरिक राजस्वको प्रक्षेपण अस्वाभाविक ढंगले बढी गरेका थिए । "माग धेरै आउँछन् । वास्तविक आयले सबैको माग पूरा गर्न सकिँदैन । त्यसैले आन्तरिक राजस्व उठ्न सक्नेभन्दा बढी देखाउनुपर्ने हुन्छ," गण्डकी प्रदेशको एक पालिकाका प्रमुख प्रशासकीय अधिकृतले भने । यसरी सबैको माग पूरा गरेजस्तो देखिए पनि पछि कार्यान्वयन चरणमा रकमको अभावले गर्दा केही योजना काटिन्छन् । कोभिड-१९ का कारण संघ र प्रदेशबाट हुने राजस्व बाँडफाँटको रकम पनि कम हुनसक्ने भएकाले बिनाआधार आन्तरिक राजस्व वृद्धि हुने अनुमान गरेका पालिकालाई आफ्ना योजना पूर्ण कार्यान्वयन गर्न गाह्रो हुने देखिन्छ ।

नदीजन्य पदार्थमार्फत आउने राजस्व स्थानीय तहका लागि गतिलो आर्थिक स्रोत हो र यसले बजेटको आकारमा समेत ठूलो प्रभाव पारेको पाइन्छ । संघ सरकारले पारित गरेको ढुंगा, गिट्टी, बालुवा आदिको उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ र प्रदेश सरकारले पारित गरेका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संविधानले समेत नदीजन्य पदार्थको व्यवस्थापनमा स्थानीय तहको अधिकार सुनिश्चित गरेको हुँदा स्थानीय एकाइले आफ्नो इलाकाभित्र पर्ने नदीका यस्ता सामग्रीलाई मुख्य आर्थिक स्रोत मानेका छन् । तर तिनको उपयोगमा स्थानीय एकाइहरूबीच विवाद पनि उत्तिकै देखिएका छन् (हेर्नुहोस्, केस स्टडी २) ।

[६] आ. व. २०७७/७८ को वार्षिक बजेट वक्तव्य : https://mof.gov.np/uploads/document/file/AD_website_20201118075339.pdf मा उपलब्ध; पुस २९, २०७७ मा हेरिएको ।

**केस स्टडी २ : नदीजन्य पदार्थको उत्खनन र उपभोगमा स्थानीय सरकारबीच द्वन्द्व**

नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवालगायत) को उत्खनन, व्यवस्थापन र त्यसमार्फत कर सङ्कलनको अधिकार स्थानीय तहले पाएको छ । २०७५ सालमा दाङको राप्ती गाउँपालिकाले राप्ती नदीको चार स्थानमा नदीजन्य पदार्थ उत्खननका लागि बोलपत्र आह्वान गऱ्यो । राप्ती गाउँपालिकाले नदीजन्य पदार्थ उत्खनन गर्न बोलपत्र आह्वान गरेको उक्त क्षेत्र गढवा गाउँपालिकाले आफ्नो क्षेत्रमा पर्ने दाबी गरेपछि दुई गाउँपालिकाबीच विवाद भएको थियो । दुई गाउँपालिकाबीच सीमानाको विवाद समेत चर्कियो । तर, उक्त विवाद २०७५ सालमै दाङ जिल्ला समन्वय समितिका सभापति, प्रदेशका जनप्रतिनिधि र दुवै गाउँपालिका प्रतिनिधिबीच भएको बैठकबाट सहमतिमा टुङ्गो लागेको थियो । राप्ती गाउँपालिकाले बोलपत्र आह्वान गरेको नदीको चार स्थानमध्ये तीनमा राप्ती गाउँपालिका र बाँकी एकमा गढवा गाउँपालिकाले वातावरणीय प्रभाव मूल्यांकनका साथै नदीजन्य वस्तु उत्खनन गर्ने सहमति भएको थियो ।

संविधान जारी हुनुभन्दा अघिको व्यवस्थाअनुसार जिल्ला विकास समिति (जिविस) लाई नदीजन्य पदार्थको व्यवस्थापनको अधिकार थियो । त्यसैले दाङ जिविसले जिल्लामा नदीजन्य पदार्थको उत्खननपूर्व गरिनुपर्ने प्रारम्भिक वातावरणीय मूल्यांकनसमेत गरिसकेको थियो । संविधान जारी भएपश्चात् जिविसको पुरानो संरचना र अधिकार स्थानीय तहमा हस्तान्तरण भयो । राप्ती नदीको अधिकांश क्षेत्र गढवा गाउँपालिकामा पर्ने हुँदा राप्ती नदीबाट यस्ता पदार्थ निकाल्ने अधिकार दाङ जिविसले गढवा गाउँपालिकालाई हस्तान्तरण गऱ्यो । जिविसले संविधान जारी हुनुपूर्व नै गरिसकेको प्रारम्भिक वातावरणीय मूल्यांकनको म्याद कायमै रहेको हुँदा त्यसैलाई आधार मानी गढवा गाउँपालिकाले राजस्व उठाउन नदीजन्य पदार्थको उत्खननको लागि बोलपत्र आह्वान गऱ्यो । तर २०७५ पुसमा गढवा गाउँपालिकाले प्रारम्भिक वातावरणीय मूल्याङ्कन नै नगरी बोलपत्र आह्वान गऱ्यो भन्दै एक स्थानीयले उच्च अदालत तुलसीपुरमा मुद्दा हाले । उच्च अदालतले बोलपत्र बमोजिमको कार्य नगर्नू नगराउनू भनी गढवा गाउँपालिकाको नाममा अन्तरिम आदेश जारी गऱ्यो । त्यसले गर्दा गढवा गाउँपालिकाले अपेक्षा गरेअनुसार नदीजन्य पदार्थको उत्खननबाट आ.व. २०७६/०७७ को लागि राजस्व सङ्कलन गर्न सकेन । यसै मुद्दा २०७६ मा सर्वोच्च अदालतमा पुग्दा भने सर्वोच्च अदालतले उच्च अदालत तुलसीपुर दाङको जस्तो अन्तरिम आदेश जारी गरेन । मुद्दा सर्वोच्च अदालतमा हाल विचाराधीन भए पनि पछिल्लो आदेशको कारण गढवा गाउँपालिकाले राप्ती नदीबाट ढुंगा, गिटी, बालुवाजस्ता निर्माण सामग्री निकाल्नका लागि बोलपत्र आह्वान गरी प्रक्रिया अगाडि बढाएको थियो । कुल छ ओटा बोलपत्र आव्हान गरिएको र सो बमोजिमको ठेक्कामार्फत आ.व. २०७७/०७८ मा गढवा गाउँपालिकाले करिब छ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको गाउँपालिकाका एक प्रतिनिधिले बताए । नदीजन्य पदार्थबाट उठ्ने राजस्व सङ्कलनलाई नै मुख्य आधार मानेर आ.व. २०७७/०७८ को बजेटको आकार गत वर्षको भन्दा बढाएको पाइयो ।

# ३. आ.व. २०७७/०७८ को विषयगत प्राथमिकता र योजना

कुल ४५ पालिकामध्ये २३ (५१%) पालिकाले कृषिमा कार्यक्रम बढाएको पाइयो ।[७] खासगरी पशुपालन र तरकारी खेती, कृषि अनुदान र स्वरोजगारका कार्यक्रम धेरैजसो पालिकाहरूमा थिए । करिब २९ प्रतिशत पालिकामा स्वास्थ्य क्षेत्रलाई पहिलेभन्दा बढी प्राथमिकतामा राखिएको पाइयो । यसरी स्वास्थ्य क्षेत्र प्राथमिकतामा पर्नुमा कोभिड-१९ ले पनि प्रभाव पारेको थियो । करिब २९ प्रतिशत पालिकामा भने विगतका वर्षजस्तै मुख्यतया भौतिक पूर्वाधार नै प्राथमिकतामा राखिएको र धेरैजसो योजनामा खासै परिवर्तन नआएको जानकारी पाइयो । करिब २० प्रतिशत पालिकाहरूमा भने विगतका वर्षहरूमा भौतिक पूर्वाधार र सडकको आवश्यकतामा केही हदसम्म सुधार भएकोले पूर्वाधारबाट अन्य क्षेत्रमा प्राथमिकता बदलिन थालेको दाबी थियो । शिक्षा, पर्यटन लगायतका विषयले निकै कम पालिकामा प्राथमिकता पाएका थिए । केही पालिकामा सार्वजनिक भवन साथै वडा र पालिका कार्यालय भवनहरूको आवश्यकता महसुस गरेर बजेट छुट्याइएको थियो ।

## *३.१ प्राथमिकतामा विषयगत परिवर्तन*

स्थानीय तहका प्रतिनिधिलाई अघिल्ला वर्षको तुलनामा पालिकाको बजेट प्राथमिकतामा केही परिवर्तन गरिएको छ वा छैन भन्ने प्रश्न

[७] पालिकाका प्रतिनिधिलाई एक वा एकभन्दा बढी प्राथमिकता उल्लेख गर्न मिल्ने गरी प्रश्न सोधिएको हुनाले कुल प्रतिशत १०० भन्दा बढी छ ।

सोधिएको थियो । धेरैजसो पालिकामा बजेटको मुख्य हिस्सा भौतिक पूर्वाधारमै खर्च भैरहे पनि बदलिँदो प्राथमिकतामा कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनजस्ता विषय पनि परेको जनप्रतिनिधिले बताए । विगतका वर्षहरूमा भौतिक पूर्वाधार र सडकको आवश्यकतामा केही सुधार हुँदै गएकाले प्राथमिकता क्रमशः बदलिन थालेको बताइयो । कैलालीको जानकी गाउँपालिकाकी उपाध्यक्षले भनिन्, "प्राथमिकताहरू हामीले परिवर्तन गर्दै आएका छौँ। हामी चुनाव जितेर आउँदा, गाउँको सडक हिँडिनसक्नु थियो। प्रत्येक वडामा हिलो बाटो सुधार गरेर ग्रावेलसम्म गर्ने लक्ष्य लियौँ। दोस्रो वर्ष पनि हामीले भौतिक पूर्वाधार र सडकमै जोड दियौँ। तेस्रो वर्षदेखि भौतिक निर्माणका साथै कृषि, स्वास्थ्य र शिक्षामा पनि जोड दिन थालियो। अहिले चौथो वर्षमा हामीले पूर्वाधारमा बजेट घटाएर कृषि, पशुपालन, स्वास्थ्य र शिक्षामा बजेट बढाएका छौँ।" भौतिक पूर्वाधार र खासगरी सडकको आवश्यकता केही हदसम्म पूरा गरेपछि पालिकाहरूले अन्य क्षेत्रलाई प्राथमिकतामा राख्न थालेको देखिन्छ। माडी गाउँपालिका, कालीगण्डकी गाउँपालिका, मुड्केचुला गाउँपालिका, सिरानचोक गाउँपालिका, मुसीकोट नगरपालिका जस्ता विभिन्न प्रदेशका पालिकाहरूमा यसरी प्राथमिकता परिवर्तन भएको ती पालिकाका प्रतिनिधिले बताए । "(भौतिक) पूर्वाधारमा बजेट घट्दै छ । दुई वर्ष पहिले ५५ प्रतिशत, एक वर्ष पहिले ४३ प्रतिशत र चालु आर्थिक वर्षमा ३४ प्रतिशत बजेट विनियोजन गरियो," गण्डकी प्रदेशको सिरानचोक गाउँपालिकाका अध्यक्षले भने । शुरूआतमा प्राथमिकता र आवश्यकता भौतिक पूर्वाधारमा नै रहेको तर अब प्राथमिकता बिस्तारै कृषि, पशुपालन, उद्योग र सामाजिक विकासतर्फ भएको मुसीकोट नगरपालिकाकी उपाध्यक्षले बताइन् ।

## ३.१ कृषि

सबैजसो स्थानीय तहका जनप्रतिनिधिहरूले कृषि क्षेत्र मुख्य प्राथमिकतामा पर्नुपर्ने आवश्यकता महसुस गरेका थिए। अधिकांश स्थानीय नागरिक खेती र जमीनसँग जोडिनुका साथै अन्य क्षेत्रमा आय आर्जनको सीमित अवसर भएकाले पनि कृषि र पशुपालन नै स्थानीय नागरिकको मुख्य आम्दानीको स्रोत हुने राय उनीहरूको थियो । गरिबी र सम्भावित भोकमरीसँग जुध्न पनि कृषि क्षेत्र प्राथमिकतामा राख्नुपर्ने उनीहरूले बताए । यसैले अघिल्ला वर्षहरूमा भन्दा आ.व. २०७७/०७८ मा धेरैजसो पालिकाले अझ बढी योजना तथा कार्यक्रम थपेका थिए । यस्ता धेरैजसो कार्यक्रमहरू विशेषतः किसानलाई कृषि सामग्री खरीदमा अनुदान, कृषिमा लगानी गर्न चाहनेलाई सहुलियत व्याजदरमा वा बिना धितो ऋण उपलब्ध गराउन सहजीकरण, उत्पादनको विक्री वितरण र ढुवानी व्यवस्थापनका पूर्वाधार विस्तार, बजारीकरण लगायतका थिए । प्रदेश १ को फेदाप गाउँपालिकाले कृषिमा गत वर्षभन्दा दोब्बर बजेट विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृतले बताए। प्रदेश १ कै छथरजोरपाटी गाउँपालिका तरकारी र दुग्धजन्य उत्पादनमा निकै अगाडि भएकोले त्यसको निर्यातलाई बढाउने योजना बनाएको गाउँपालिका अध्यक्षले बताए । प्रदेश १ को कमल गाउँपालिकाकी अध्यक्षका अनुसार कृषि उत्पादनमा प्रत्यक्ष योगदान गर्ने किसानले अनुदान पाऊन् र अनुदानको दुरुपयोग नहोस् भनेर उनको गाउँपालिकाले शुरूमै अनुदान दिनुभन्दा उत्पादनका आधारमा पछि अनुदान प्रदान गर्ने निर्णय गरेको छ। सुदूरपश्चिमको दोगडाकेदार गाउँपालिकाले पनि कृषि क्षेत्रको आधुनिकीकरण, बजार विस्तार, कृषि उपकरण र प्राविधिक सहयोगका लागि किसानलाई पालिकाबाट ७० प्रतिशतसम्म अनुदानको व्यवस्था मिलाउने निर्णय गरेको थियो। दिपायल सिलगढी नगरपालिकाका उपप्रमुखले स्वास्थ्य र कृषि 'रोग र भोकसँग लड्ने संयन्त्र' भएकाले दुवै क्षेत्रलाई प्राथमिकतामा राखिएको बताए । गण्डकी प्रदेशको आरूघाट गाउँपालिकाले कृषि क्षेत्रमा गत वर्षभन्दा बजेट बढाई दुई करोड २५ लाख रुपैयाँ विनियोजन गरेको थियो। प्रदेश २ को सुखीपुर नगरपालिकामा कृषि पूर्वधार विकास गर्न सिंचाईका लागि बोरिङ, ट्युब वेल, इनारका साथै कृषि विद्युतीकरण लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखिएको नगरपालिका प्रमुखले बताए।

अध्ययन गरिएका पालिकामध्ये बागमती प्रदेशका पालिकामा कृषि क्षेत्र कम प्राथमिकतामा परेको पाइयो। लुम्बिनी प्रदेशका पालिकामा कृषि क्षेत्रमा केही बढी योजना र कार्यक्रम थिए। आ.व. २०७७/०७८ का लागि भूमि व्यवस्था, कृषि तथा सहकारीतर्फ लुम्बिनी प्रदेश सरकारले बजेटको करिब १३ प्रतिशत रकम विनियोजन गरेको छ ।[८] यसको धेरै हिस्सा कृषि क्षेत्रमा विनियोजन गरिएको छ । प्रदेश सरकारले सिँचाई सुधार, कृषि प्राविधिक सेवा, सामग्रीहरूको उपलब्धता र यान्त्रिकीकरण गर्न, कृषिमा प्रसार र अनुसन्धान, सुलभ कर्जा, पशु स्वास्थ्यका लागि खोरेत रोग उन्मूलन अभियान, एक स्थानीय एकाइ, एक उत्पादन कार्यक्रम आदि लागु गरेको छ। लुम्बिनी प्रदेशकै कालीगण्डकी गाउँपालिकाले हरेक वडालाई कृषि पकेट क्षेत्र तोकेर तरकारी तथा फलफूल खेतीका लागि करिब ६० लाख बराबरको रकम विनियोजन गरेको छ। "वडा नम्बर २ र ३

[८] भूमि, व्यवस्था, कृषि तथा सहकारीतर्फ लुम्बिनी प्रदेशले रु. चार अर्ब ८६ करोड ३५ लाख विनियोजन गरेको छ।

मा सुन्तला, वडा नं. ४ मा आँप र लिच्ची, वडा नं. ५, ६, ७ मा कफी, त्यस्तै वडा नं. १ मा स्याउ खेती गर्ने योजना बनाएका छौँ। कृषि ज्ञान केन्द्रसँग मिलेर काम हुँदैछ," गाउँपालिकाका अध्यक्षले बताए। आयआर्जन गर्न चाहनेलाई तरकारी खेती, बंगुर पालन, बाख्रा पालन आदि गर्न अनुदान स्वरूप २०-२० हजारका दरले नगद रकम दिइएको उनले बताए। लुम्बिनी प्रदेशकै जानकी गाउँपालिका, सियारी गाउँपालिका र गढवा गाउँपालिकाले पनि कृषि लक्षित कार्यक्रम थपेका थिए।

अध्ययन गरिएका पालिकाहरूको औसत अनुमानित बजेट ५० करोड हाराहारी देखिन्छ। यसलाई आधारमान्दा कृषि क्षेत्रमा करिब ८ प्रतिशतसम्म बजेट विनियोजन भएको पाइयो। साना किसानको संख्या नै ठूलो भएकाले यति बजेटबाट विशेषगरी अनुदान र सहुलियत ऋणका कार्यक्रमबाट कति लाभान्वित हुन सक्छन् भन्ने स्पष्ट छैन। कार्यक्रमको दायरा बढाउन पालिकाहरूले निजी क्षेत्र र वित्तीय संस्थाबाट पनि सहयोग लिएका थिए। पालिकाहरूले कृषि क्षेत्रमा लागू गरेका योजनाको प्रभावकारिता र यसले दिने प्रतिफल, अनुदान र सहुलियतका कार्यक्रम कसरी कार्यान्वयन भएका छन् भन्ने विषयमा अध्ययन गरेमा ती कार्यक्रमको प्रभावकारिता आँकलन गर्न मद्दत मिल्नेछ।

## ३.३ स्वास्थ्य

कोभिड-१९ महामारीका कारण विद्यमान स्वास्थ्य संरचनामा अतिरिक्त बोझ थपियो। क्वारेन्टिन, आइसोलेशन, परीक्षण, र कन्ट्याक्ट ट्रेसिङ लगायतका कोभिड-१९ प्रतिकार्यमा स्थानीय तहले अतिरिक्त बजेट व्यवस्था गर्नुपर्ने र गत वर्षको तुलनामा प्राथमिकतामा केही फेरबदल गर्नुपर्ने अवस्था आयो। अध्ययन गरिएका लगभग धेरै पालिकाले स्वास्थ्य क्षेत्रको बजेट बढाउनुपर्ने आवश्यकता महसुस गरेका थिए र केही अतिरिक्त बजेट विनियोजन पनि गरेका थिए। प्रदेश १ को मिक्लाजुङ गाउँपालिकामा स्वास्थ्य क्षेत्रमा संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाहेक पनि गाउँपालिकाको स्रोतबाट एक करोड रुपैयाँ विनियोजन गरेको जनप्रतिनिधिले बताए। "कोभिड-१९ का कारणले विगतका वर्षभन्दा प्राथमिकता बदल्नुपरेकोले स्वास्थ्य क्षेत्रमा हामीले धेरै बजेट छुट्याएका छौँ," बाग्मती प्रदेशको बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले भने। अघिल्ला वर्षहरूमा स्थानीय तहले स्वास्थ्य क्षेत्रमा अत्यन्तै कम बजेट विनियोजन गर्ने गरेको पाइएको थियो।[९] तर यो वर्ष पनि स्वास्थ्य क्षेत्रमा बढेको बजेट र थपिएका योजना पालिकाको दीर्घकालीन स्वास्थ्य संरचना सुधारमा नभई महामारी नियन्त्रणमा वा तात्कालिक प्रतिकार्यमा नै केन्द्रित थिए।

अर्कोतर्फ संघ सरकारले आ.व. २०७७/०७८ का लागि सशर्त अनुदानमार्फत अस्पताल निर्माण र स्तरोन्नतिका लागि स्थानीय तहलाई छुट्ट्याएको छ। स्थानीय तहमा आधारभूत स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले प्रत्येक पालिकामा पाँच देखि १५ शैय्याको अस्पताल बनाउन नेपाल सरकारले अस्पताल नभएका २७२ स्थानीय तहका लागि कुल रु. १४.२७ अर्ब विनियोजन गरेको छ। त्यस्तै हरेक अस्पतालमा कम्तीमा एक डाक्टर पुऱ्याउन करिब रु. ५.१० अर्ब रकम विनियोजन गरेको छ।[१०] अस्पताल निर्माण र केही जनशक्तिका लागि बजेट विनियोजन भए पनि यस्ता अस्पतालको सञ्चालन स्थानीय तहले नै गर्नुपर्ने हुन्छ। यो आर्थिक वर्षमा त्यस्तो उल्लेख्य बजेट अस्पताल सञ्चालनका लागि विनियोजन भएको तथ्याङ्क प्राप्त भएन। सानो आकारको बजेट भएका पालिका र दुर्गम क्षेत्रका पालिकाका लागि अस्पताल सञ्चालन खर्चिलो र चुनौतीपूर्ण हुने देखिन्छ।

## ३.४ पूर्वाधार

अघिल्ला वर्षहरूमा लगभग सबै पालिकामा भौतिक पूर्वाधारले नै प्राथमिकता पाउने गरेका थिए। अहिले पनि केही पालिकाको प्राथमिकतामा यसलाई नै राखिएको पाइयो। यसो हुनुमा नागरिकको माग र जनप्रतिनिधिको चाहना दुवैले भूमिका खेलेको थियो। भौतिक पूर्वाधार नै प्राथमिकतामा राखेका पालिकाहरूले स्थानीयबासीबाट नै पूर्वाधारमा माग आउने गरेको र त्यसमा ध्यान दिनुको विकल्प नरहेको

[९] आ.व. २०७६/०७७ मा देशभरका ७५३ स्थानीय तहमा कुल रु. २६ अर्ब ४९ करोड ९० लाख रकम स्वास्थ्य क्षेत्रमा विनियोजन भएको थियो। जसमध्ये ८१% (रु. २१ अर्ब ४५ करोड ५० लाख) सशर्त अनुदान थियो भने बाँकी रकम वित्तिय समानीकरण र आन्तरिक स्रोतबाट स्थानीय तहले छुट्ट्याएका थिए। यसरी हेर्दा स्थानीय तहको स्वास्थ्य क्षेत्रको बजेट मुख्यतया संघ र प्रदेश सरकारको सशर्त अनुदानमा निर्भर हुने देखियो। MoHP and DFID/NHSSP (2019). Budget Analysis Health Sector (2019). Ministry of Health and Population and DFID/Nepal Health Sector Support Programme.

[१०] Public Health Perspective Nepal. 2020. Health sector budget of Nepal for fiscal year 2020/21 (2077/78) https://www.phpnepal.org.np/publication/current-issue/recently-released/243-health-sector-budget-of-nepal-for-fiscal-year-2020-21-2077-79_मा उपलब्ध; पुस २९, २०७७ मा हेरिएको।

बताएका थिए। "बाटो, बिजुली, खानेपानीकै आवश्यकता भएर ती नै प्राथमिकतामा परे," सुनकोशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले बताए। प्रदेश २ को लोहरपट्टी नगरपालिकाका प्रमुखले भने, "पूर्वाधार त जनताको पहिलो आवाज सधैँ हुने गर्छ। पूरै पूँजीगत बजेट १८-२० करोड मात्र हो। हाम्रो पालिकामा बाटो-घाटो छैन, त्यही भएर बाटो पहिलो प्राथमिकतामै परेको छ। सडक निर्माण निकै महँगो पर्छ। एक किलोमिटर बाटो बनाउन चार-पाँच करोड लाग्छ। हामीले १५६ किलोमिटर बाटो बनाउने योजना छ। तर बजेट पुग्दैन। हरेक वर्ष थोरै थोरै बजेट व्यवस्था गर्नुपरेको छ।" त्यस्तै स्थानीय तह स्थापना हुनुभन्दा अगाडि आफ्नो पालिकामा सडकको निर्माण शून्यप्राय रहेको र पालिकाका हरेक बस्तीमा सडक आधारभूत आवश्यकता भएकाले यो बजेटको प्राथमिकतामा परेको प्रदेश १ को भोक्राह नरसिह गाउँपालिकाका अध्यक्षको स्पष्टीकरण थियो।

### ३.५ अन्य प्राथमिकता

कृषि, स्वास्थ्य, पूर्वाधारबाहेकका अन्य विषयलाई पनि प्राथमिकताका रूपमा पालिकाहरूले उल्लेख गरे। केही पालिकामा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको पाइयो। लुम्बिनी प्रदेशको माडी गाउँपालिकाले आफ्नै स्रोतमा ३५ शिक्षकको दरबन्दी सिर्जना गरेर आवश्यक तयारी गरेको थियो। कर्णालीको मुड्केचुला गाउँपालिकाले 'स्वास्थ्य, शिक्षा, पूर्वाधार र रोजगारः मुड्केचुला गाउँपालिकाको समृद्धिको आधार' नारा राखेर स्वास्थ्यलाई पहिलो र शिक्षालाई दोस्रो प्राथमिकतामा राखेको त्यहाँका निमित्त प्रमुख प्रशासकीय अधिकृतले बताए। त्यस्तै एक-दुई पालिकामा कोरोनाका कारण शिक्षा क्षेत्रमा भएको अन्यौलले गत वर्षभन्दा केही कम बजेट छुट्ट्याएको पनि पाइयो। पर्यटन क्षेत्र एकाध पालिकाका प्राथमिकतामा परेको थियो। बागमती प्रदेशको शंखरापुर नगरपालिकामा सम्पदा क्षेत्र भएका कारणले पर्यटनमा जोड दिइएको नगरप्रमुखले जानकारी दिए। त्यस्तै प्रदेश १ को रामधुनी नगरपालिका र मिक्लाजुङ गाउँपालिकाका साथै गण्डकी प्रदेशको सिरानचोक गाउँपालिका र देवचुली नगरपालिकाले पर्यटनलाई प्राथमिकतामा राखेका थिए।

स्थानीय तहका सार्वजनिक भवन र वडा कार्यलय निर्माणमा पनि पालिकाको विशेष जोड थियो। गएका वर्षहरूमा स्थानीय तहमा कार्यालयहरू नहुँदा केही बजेट पालिका केन्द्र र वडा समितिका लागि कार्यालय निर्माणमा खर्च भएको थियो। २०७६ मा गरिएको एक अध्ययनअनुसार करिब ४७ प्रतिशत पालिकाले कार्यालय भवन बनाइरहेका थिए।[११] हाम्रो यस अध्ययनमा समावेश ४५ पालिकामध्ये दुई पालिकामा वडा कार्यालयको भवन निर्माणले प्राथमिकता पाएको थियो। अन्य पालिकामा भवन निर्माण र मर्मत सम्भार भइरहे पनि मुख्य प्राथमिकतामा थिएनन्। केही पालिकाहरूमा भने प्राथमिकताबारे ठोस उत्तर आएन। त्यहाँका प्रतिनिधिले सबै क्षेत्रलाई मिलाएर लगेको या आवश्यकताअनुसार विनियोजन गरिएको जस्ता उत्तर दिएका थिए।

### ३.६ कोभिड-१९ का कारण पालिकाले राखेका योजना

पालिकाका प्रतिनिधिलाई कोभिड-१९ लाई ध्यान दिएर के कस्ता कार्यक्रम र योजनाको व्यवस्था गरियो भनेर पनि सोधिएको थियो। करिब ६० प्रतिशत पालिकाले केही अतिरिक्त योजना बनाएको पाइयो भने बाँकी ४० प्रतिशत पालिकामा कुनै विशेष योजना नभएको बताइयो। विशेष योजना भएका पालिकामध्ये धेरैजसोले कोभिड-१९ रोकथाम र उपचारका लागि क्वारेन्टिन, आइसोलेशन, औषधी, एम्बुलेन्स, जोखिम भत्ता आदिलाई उल्लेख गरेका थिए। त्यसबाहेक कोभिड-१९ का कारण निम्तिएको आर्थिक-सामाजिक असरलाई ध्यान दिँदै कृषि र पशुपालनका लागि थप योजनाका साथै युवा स्वरोजगार कार्यक्रमका निम्ति अतिरिक्त बजेट पनि छुट्ट्याएका थिए।

दुर्गम क्षेत्रका केही पालिकाले स्थानीय स्रोत र साधन परिचालनमा जोड दिएका थिए। विकास निर्माणको काम गर्दा सकेसम्म स्थानीय स्रोत-साधन परिचालन गर्ने नीति तिनको थियो। केही पालिकाले अघिल्लो आर्थिक वर्षमा कोभिड-१९ नियन्त्रणका लागि गरेको खर्च यो वर्ष भुक्तानी गर्न पनि बजेट छुट्ट्याएको पाइयो। महामारीको समयमा क्वारेन्टिन, आइसोलेशन लगायतका लागि र अन्य विपद आउँदा आवश्यक पर्ने महसुस गरेर पालिका र वडा तहमा सार्वजनिक भवन बनाउने निर्णय सुदूरपश्चिम प्रदेशको गौमूल गाउँपालिकाले गरेको थियो। "यो वर्ष कोरोना संक्रमणको कारणले गर्दा हरेक वडामा कम्तीमा एउटा सार्वजनिक भवन आवश्यक हुने महसुस गर्‍यौँ। यसलाई नीति तथा कार्यक्रममा व्यवस्था गरियो। सबै भवनका लागि पालिकाको आर्थिक स्रोत नपुग्ने भएकाले यो वर्ष दुई वडामा मात्र

[११] The World Bank. 2019. Nepal: Capacity Needs Assessment for the Transition to Federalism. https://plgsp.gov.np/sites/default/files/2020-05/Capacity%20Need%20Assessment%20for%20the%20Federalism%20Report.pdf मा उपलब्ध; पुस २९, २०७७ मा हेरिएको।

बनाउने भनेर बजेट व्यवस्था गरिएको छ। आगामी वर्ष क्रमशः अन्य वडामा बनाउने हो। सार्वजनिक भवनका लागि अरू संघ संस्थालाई पनि अनुरोध गर्ने भनेर निर्णय गरेका छौँ," गौमूल गाउँपालिकाका अध्यक्षले बताए। यस्ता केही पालिकाले विपद् व्यवस्थापनमा पनि केही बढी बजेट विनियोजन गरेका थिए।

कोभिड-१९ को परिस्थितिलाई ध्यान गर्दै कुनै योजना कार्यक्रम नपरेका पालिकाहरूमा पनि विपद व्यवस्थापन कोषमा रकम केही बढाइएको थियो । यो रकम कोभिड-१९ रोकथाम नियन्त्रणका प्रतिकार्यमा प्रयोग हुने गरेको थियो । यसबाहेक यस्ता पालिकामा पुरानै कार्यक्रमलाई निरन्तरता दिइएको र नयाँ योजना समावेश गरिएको थिएन। समग्रमा कोभिड-१९ को परिस्थितिलाई ध्यान दिँदै धेरै पालिकाले केही योजना थपे पनि करिब ४० प्रतिशतमा विपद व्यस्थापनमा केही रकम बढाउनेबाहेक अन्य योजना परेका थिएनन्।

## ३.७ घर फर्केका नागरिकको रोजगार व्यवस्थापन

कोभिड-१९ का कारण देश विदेशबाट रोजगारी गुमाएर घर फर्कनेको संख्या निकै बढेको थियो । अध्ययनमा समावेश पालिकाहरूमा कम्तीमा २०/३० जनादेखि ३,००० जनासम्म नागरिक भारत र अन्य देशबाट फर्केको तथ्याङ्क पाइयो। कर्णाली र सुदूरपश्चिम प्रदेशबाट भारततिर मजदुरी गर्न जानेको संख्या निकै भएकाले फर्किनेको संख्या पनि निकै ठूलो थियो। भारत मात्र नभएर देशभित्र र तेस्रो मुलुकबाट पनि धेरै नागरिक घर फर्केका थिए। त्यसरी फर्किएका नागरिकको रोजगारी तथा व्यवस्थापनका लागि पालिकाहरूले के कस्तो योजना र कार्यक्रम ल्याएका छन् भनेर यो अध्ययनमा बुझ्न खोजिएको थियो। लगभग सबै पालिकाहरूमा त्यस्ता नागरिकलाई मात्रै लक्षित विशेष योजना नभएको तर समग्रमा स्वरोजगारका लागि केही थप योजना तथा कार्यक्रम रहेको पालिका प्रतिनिधिले बताए। अधिकांश पालिकाहरूले पशुपालन, तरकारी खेती लगायतका कार्यक्रम प्रवर्द्धन गर्न र अनुदान दिन बजेट विनियोजन गरेका थिए। गण्डकी प्रदेशका एक पालिका प्रमुखले बताए, "अन्य ठाउँबाट फर्केकै व्यक्तिलाई लक्षित गरेर कुनै निश्चित कार्यक्रम राखिएको छैन । तर कृषि, उद्योग, पशुपालन तर्फका कार्यक्रममा तिनले भाग लिन सक्छन् ।" पालिकाहरूले लकडाउनले गर्दा सीमा क्षेत्रमा अलपत्र परेका नागरिकहरूलाई पालिकासम्म ल्याउन यातायातको व्यवस्था गर्नुका साथै अन्य आपतकालीन सहयोग पनि गरेका थिए।

विदेशबाट फर्केका नागरिकलाई कृषिमा प्रोत्साहन गर्ने लक्ष्य रहेको करिब २० प्रतिशत पालिकाका प्रतिनिधिहरूले बताए । यसका लागि पालिकाले आन्तरिक स्रोतको केही भाग छुट्ट्याउनुका साथै संघ सरकारका योजना तथा कार्यक्रमबाट पनि आशा गरेका थिए जसमध्ये प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत कृषिमा लक्षित कार्यक्रमहरू मुख्य थिए। "प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत कृषि लक्षित कार्यक्रम रु. एक करोडको छ। पालिका आफैले पनि कृषिको लागि ठूलो बजेट छुट्ट्याएको छ। कृषिमा व्यवसायीकरण गरी उत्पादनमा आधारित अनुदान स्वरूप एक लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरेका छौँ," प्रदेश १ को मिक्लाजुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले बताए।

प्रदेश २ र सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहका प्रतिनिधिले भने आफ्ना पालिकामा रोजगारीका पर्याप्त अवसर नभएको र पालिकामा बेरोजगारीको समस्या पहिलेदेखि नै रहेकाले बाहिरबाट फर्केका नागरिकलाई रोजगारीका अवसर सिर्जना गर्न नसकिने तर्क गरे । "यहाँ तीन हजार जना जति विदेशबाट फर्केका छन् । त्यस्तै तीन हजार जति युवा पहिले नै यहाँ रोजगारविहीन थिए। तिनलाई पनि रोजगारीको अवसर दिनुपर्ने आवश्यकता छ । गरिबीको समस्या पहिलेदेखि नै भएको हुँदा गरीब घरधुरी पहिचान गर्न थालिएको छ। यी सबै व्यवस्थापन गर्नको लागि स्थानीय तहको क्षमता कति छ भन्ने कुरा सोच्नुपर्नेछ," दिपायल सिलगढी नगरपालिका उपप्रमुखले बताए । यस अध्ययनमा समावेश प्रदेश २ का सातै पालिकामा पनि ३०० देखि १,४०० जनासम्म नागरिक भारतबाट फर्केको तर सात पालिकामध्ये छ ओटा पालिकामा ती नागरिक लक्षित कुनै कार्यक्रमको व्यवस्था नगरिएको जनप्रतिनिधिले बताए । सुखीपुर नगरपालिका प्रमुखले भने, "बाहिरबाट फर्केका नागरिकलाई हाम्रो पालिकाले के रोजगारी दिन सक्छ र ? समय र परिस्थिति सहज भएमा सबै मजदुर पुनः भारततिरै जान्छन्, हामीले रोजगारी सिर्जना गर्न सक्ने अवस्था छैन ।" विदेशबाट करिब १,४०० जना जति फर्केका साम्सी गाउँपालिकाका अध्यक्षले पनि स्थानीय तहले केही व्यवस्था गर्न नसक्ने बताए। उनले भने "फर्केका मजदुरहरू करिब दुई-तीन महिनासम्म यता बसे र सीमा नाका खुल्ना साथ पुनः भारत फर्किन थालिसके। करिब ७५ प्रतिशत जति त फर्किसके होलान्। यहाँ धेरै गरिबी छ। रोजगारीका अवसर छैनन्। पालिकाले पनि काम दिन सक्दैन। पालिकाको बजेटको ठूलो हिस्सा बाटोघाटो र पुलेसा बनाउन नै खर्च हुन्छ ।" प्रदेश २ का अन्य पालिकाको अवस्था पनि खासै फरक थिएन। तर त्यहाँको क्षिरेस्वरनाथ नगरपालिकामा भने यसरी फर्केका नागरिकलाई रोजगारी दिनुपर्ने वा कुनै न कुनै स्वरोजगार व्यवसायमा प्रोत्साहन गर्नुपर्ने आवश्यकता महसुस गरी

एक अन्तराष्ट्रिय संस्थाको सहयोगमा बगर खेती तालिम र आर्थिक सहयोग कार्यक्रम शुरू गरेको नगरप्रमुखले बताए । उनले थपे, "कृषिमा आकर्षित गर्नका लागि सशर्त अनुदानबाहेक पनि करिब ५० लाख अतिरिक्त बजेट व्यवस्था गरिएको छ ।"

## ४. २०७६/०७७ को बजेट कार्यान्वयनमा पारेको असर

आ.व. २०७६/०७७ मा पालिकाको बजेट कार्यान्वयनमा असर पार्ने केही निश्चित कारण थिए जसमा कोभिड-१९ महामारीको भूमिका मुख्य थियो । अध्ययनमा समावेश पालिकामा बजेट खर्च भने आ.व. २०७६/०७७ मा कुल आयको तुलनामा औसत ८३ प्रतिशतको हाराहारीमा रहेको पाइयो । आ.व. २०७५/०७६ मा स्थानीय तहको कुल आयको करिब ७८ प्रतिशत खर्च भएको थियो ।[१२] यसरी हेर्दा स्थानीय तहको खर्चमा केही प्रतिशत बढेको देखिन्छ ।[१३] बजेट खर्च पहिलेको तुलनामा घटेको भने देखिँदैन । अन्तर्वार्ताका क्रममा धेरैजसो प्रतिनिधिले कोभिड-१९ बजेट खर्चमा ठूलो प्रभाव नपारेको दाबी गरे । सुगम पालिकाहरूमा भने बजेट खर्चको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको पाइयो । अन्य पालिकाहरू सबैमा ८३ प्रतिशतभन्दा बढी खर्च भएको थियो ।

### ४.१ कोभिड-१९ र लकडाउनले पारेको असर

कोभिड-१९ को संक्रमण नियन्त्रण गर्न नेपाल सरकारले लागू गरेको लकडाउनले बजेट कार्यान्वयनमा कस्तो प्रभाव पाऱ्यो भन्ने प्रश्न अध्ययनका क्रममा सोधिएको थियो । करिब ४० प्रतिशत पालिकाहरूमा विकास तथा पूर्वाधारका लागि आवश्यक पर्ने मालसामान-कच्चापदार्थ ढुवानीमा लकडाउनले गर्दा समस्या परेको पाइयो । धेरै पालिकाहरूमा समयमा मालसामान ढुवानी हुन नसक्दा भौतिक निर्माणका लागि आवश्यक पर्ने सामानको अभाव भएको ती पालिकाका प्रतिनिधिले बताए । बजारमा निर्माण सामग्रीको अभाव भएपछि मूल्यवृद्धि भएर महँगोमा सामान किन्नुपर्ने बाध्यतामा

**चित्र २ : सुगम-दुर्गम पालिकाहरूमा आ.व. २०७६/०७७ को कुल आयको खर्च प्रतिशत***




** चित्रमा नौ अति दुर्गम पालिका, नौ दुर्गम पालिका, १२ मध्यम पालिका र तीन सुगम पालिका गरी कुल ३३ पालिकाको तथ्याङ्क समावेश छ ।*

आ.व. २०७६/०७७ को आधा अवधि बित्दा नबित्दै कोभिड-१९ महामारी शुरू भएपछि बजेट कार्यान्वयनमा समस्या थपिएको थियो । तर कोभिड-१९ का कारण स्थानीय तहको विकास निर्माणका कैयौँ कार्यक्रम प्रभावित भएर पनि पालिकाहरूको समग्र उपभोक्ता समिति थिए । लागत अनुमान गरेभन्दा बढी खर्च हुनाले उपभोक्ता समितिहरूले घाटामा काम गर्नुपरेको गुनासो आफूसँग गरेको लुम्बिनी प्रदेशको माडी गाउँपालिकाका अध्यक्षले बताए । उपभोक्ता समितिको खर्च बढ्न गए पनि पालिकाले अतिरिक्त खर्च दिन नमिल्ने ती गाउँपालिका अध्यक्षले बताए । "सामानको भाउ बढ्यो भनेर हामीले पैसा थप गर्नसक्ने अवस्था भएन क्यारे । इस्टिमेट अनुसार नै दिने हो," उनले भने । यस्तो समस्या विशेषगरी कर्णाली,

[१२] महालेखा परीक्षकको सन्ताउन्नौँ वार्षिक प्रतिवेदन, २०७७ ।

[१३] तर हामीले गरेको अन्तर्वार्तामा कतिपय प्रतिनिधिले आफ्नो पालिकाको आय-व्यय ठ्याक्कै बताउन नसकेकाले यो तथ्याङ्क केही तलमाथि हुन सक्दछ ।

सुदूरपश्चिम प्रदेश र प्रदेश १ का दुर्गम पालिकामा बढी थियो। करिब २० प्रतिशत पालिकाहरूमा निर्माणका लागि आवश्यक कामदारहरू घर फर्किएकाले पनि काम रोकिएको थियो। "खासगरी कामदार यहाँका स्थानीय छैनन्। रोल्पा रूकुमदेखि भारतसम्मका कामदार यहाँ भूकम्पपछि पुन:निर्माणमा सक्रिय थिए। लकडाउनका कारण उनीहरू फिर्ता गएपछि कामदारको अभाव भयो," गण्डकी प्रदेशको सिरानचोक गाउँपालिकाका अध्यक्षले भने।

कोभिड-१९ का कारण बजेट कार्यान्वयनमा परेको अर्को समस्या भनेको लक्षित वर्गका कार्यक्रम र अन्य सामाजिक कार्यक्रम थिए जसमा प्रशिक्षण अन्तरक्रियाजस्ता गतिविधि थिए। करिब एक चौथाइ पालिकाहरूमा यस्ता कार्यक्रम कार्यान्वयनमा समस्या आएको त्यहाँका प्रतिनिधिले बताए। फागुन मसान्तदेखि नै संघ सरकारले नागरिक भेला र जमघट हुने कार्यक्रम गर्न बन्देज गरेको र चैतको दोस्रो हप्ताबाट देशव्यापी लकडाउन गरेकाले पनि जमघट हुने, समूहमा गर्नुपर्ने कार्यक्रमहरू सञ्चालन हुन सकेनन्। एक त स्थानीय एकाइहरूले लक्षित वर्गका कार्यक्रमहरू पहिलेदेखि नै निकै घटाएको गुनासो थियो भने, भएका केही कार्यक्रमहरू पनि कार्यान्वयन नहुँदा लक्षित वर्गहरू अवसरबाट वञ्चित भए। आर्थिक वर्षमा २०७७/०७८ मा पनि महामारीका कारण यस्ता कार्यक्रम प्रभावित हुने सम्भावना उत्तिकै छ।

करिब २० प्रतिशत पालिकामा भने कोभिड-१९ महामारीले बजेट खर्चमा कुनै असर नपारेको जानकारी पाइयो। यस्ता पालिकामा विशेषगरी कात्तिक मंसिरतिरै उपभोक्ता समिति गठन गर्ने र योजनाबद्ध तरिकाले बजेट कार्यान्वयन गरेको हुँदा लकडाउन हुनुपूर्व नै धेरै काम गर्न सकेको र बाँकी काम लकडाउन सहज हुनासाथ सम्पन्न गरिएको थियो। "प्रायः उपभोक्ता समितिहरू समयमा नै गठन भएकाले काम सिध्याउन गाह्रो परेन," कालीगण्डकी गाउँपालिकाका अध्यक्षले भने। त्यस्तै राक्सिराङ गाउँपालिका अध्यक्षले भने, "हामीले हरेक वर्षको कार्ययोजना पारित गर्छौं। बाहिरका व्यक्तिहरूले हामीले सम्पन्न गर्ने योजना र बजेट कार्यन्वयन राम्रो भयो भन्नुहुन्छ। हामी जनप्रतिनिधि बजेटको कार्यन्वयनमा आफै खटिने गरेका छौं।"[१४]

कतिपय पालिकामा कोभिड-१९ महामारी रोकथामलाई प्राथमिकतामा राख्नुपर्दा पनि योजना कार्यान्वयन प्रभावित भएको थियो। सामान्यतया आर्थिक वर्षको अन्त्यतिर नै बढीजसो योजना सम्पन्न गर्ने गरेका पालिकामा कोभिड-१९ ले गर्दा उपभोक्ता समिति निर्माण गर्न र काम शुरू गर्न पाएनन्। लकडाउनका कारण अनुगमनका काम पनि प्रभावित भए। "लकडाउनकै कारण समयमा अनुगमन हुन नसक्दा त्यसले योजनाको भुक्तानीसम्म असर गर्ने भयो। विषम परिस्थितिमा हामीले सकेसम्म अनुगमन समूहको सदस्य संख्या दुईतीन जना मात्रै बनाएर समयमा जाने प्रयास गरियो। त्यसो हुँदा योजना कार्यान्वयनको सबै पक्ष बलियो गरी हेर्न नपुगेको हुन सक्छ," दिपायल सिलगढी नगरपालिकाका उपप्रमुखले बताए। आ.व. २०७६/०७७ मा कोभिड-१९ प्रतिकार्यमा धेरै रकम खर्च हुनाले र देशव्यापी लकडाउनका कारण राजस्व नउठ्नाले स्थानीय तहमा प्राप्त हुने राजस्व बाँडफाँटको रकम पनि लगभग सबै पालिकामा घटेको जनप्रतिनिधिले बताए।[१५] यसले गर्दा केही योजनाहरूमा रकम अपुग हुन पुगेको गुनासो स्थानीय प्रतिनिधिको थियो।

### *४.२ अन्य तत्त्वले पारेको असर*

बजेट कार्यन्वयनमा अन्य कुनै चुनौती देखा परे भन्ने प्रश्नको उत्तरमा करिब एक चौथाइ पालिकाका प्रतिनिधिले अन्य कुनै चुनौती नभोगेको बताए। केही पालिकामा आवश्यक कर्मचारीको अभाव र उपलब्ध कर्मचारीको बारम्बार सरुवाका कारण बजेट कार्यान्वयनमा असर परेको त्यहाँका प्रतिनिधिले बताए। विशेषगरी दुर्गम र अति दुर्गम पालिकामा आवश्यक कर्मचारी अझै अपुग रहेको पाइयो। कर्णालीको मुड्केचुला गाउँपालिका, सुदूरपश्चिमको दोगडाकेदार गाउँपालिका र लुम्बिनीको माडी गाउँपालिका, प्रदेश २ को औरही गाउँपालिकामा कर्मचारी पर्याप्त थिएनन्। धेरैजसो कर्मचारीको रोजाइमा सुगम पालिकाहरू पर्ने भएकाले दुर्गम पालिकाहरूमा कर्मचारीको अभाव बढी देखियो। प्रदेश २ को सुगम मानिने क्षिरेस्वरनाथ नगरपालिकाका प्रमुखले बताए, "यहाँ कर्मचारी सबै उपलब्ध छन्। पछि त कर्मचारी बढी पनि भए। यो नगरपालिका अलि पायक पर्ने ठाउँमा भएकाले सबै कर्मचारी आए। सब ओभरसियर पनि चार जना पठाएको थियो। पछि फिर्ता गर्नु पऱ्यो।"

शुरूका वर्षमा स्थानीय तहमा आवश्यक कर्मचारीको अभाव हुने गरेको गुनासो निकै सुनिने गरेको थियो। कर्मचारीको कमीले पनि समयमै बजेट कार्यान्वयनमा समस्या हुने गरेको जनप्रतिनिधिले बताउँथे। यस वर्ष भने अधिकांश पालिकामा यो समस्या कम भएको

[१४] कालीगण्डकी गाउँपालिकामा कुल रु. ३६ करोड बजेट रहेको र विशेष अनुदानको एक योजनामा ३० लाख फिर्ता हुने बाहेक सबै सम्पन्न भएको थियो। राक्सिराङ गाउँपालिकामा पनि ९० प्रतिशतभन्दा बढी बजेट खर्च भएको थियो।

[१५] आ.व. २०७६/०७७ मा संघीय सरकारले अनुमानित राजस्वमा ७४.४ प्रतिशत मात्र उठेको थियो। स्थानीय सरकारको बजेटको ठूलो हिस्सा संघीय सरकारबाट हुने राजस्व बाँडफाँटको छ।

उत्तरदाताले बताए। तर नयाँ कर्मचारीमा तालिम र अनुभवको कमीले गर्दा बजेट कार्यान्वयन चुस्त हुन नसकेको गुनासो थियो। "अहिले कर्मचारी लगभग सबै आइसकेको अवस्था छ, त्यसैले त्यो समस्या रहेन। तर कर्मचारीमा अनुभवको कमी छ। नयाँ कर्मचारीलाई नियुक्त त गर्‍यो तर तिनलाई तालिम नदिई पठाइएको छ। त्यसैले कर्मचारीहरू कार्यालयका कामबारे जानकार नहुँदा पनि समस्या देखिएको छ। नयाँ नियुक्त कर्मचारीमा छैटौं तहका प्रशासनका कर्मचारीलाई मात्र केही दिन प्रशिक्षण दिइएको रहेछ। अन्य कर्मचारीहरू बिस्तारै काम गर्दै जाँदा जानकार हुँदै गएका छन्," बाग्मती प्रदेशको एक गाउँपालिकाका प्रतिनिधिले जानकारी दिए।

कर्मचारीको अपुग र बारम्बार सरुवाबाहेक अन्य कारणमा पार्टीगत विवादले उपभोक्ता समिति गठन ढिलो हुने गरेको, समयमा अनुदान प्राप्त हुन नसकेको, ठेकेदारले समयमा काम नगर्ने लगायतका समस्याहरू पालिकाका प्रतिनिधिहरूले उल्लेख गरे। विनियोजित रकम, राजस्व बाँडफाँटको रकम समयमा नपाउनाले पनि कैयौं कार्यक्रम प्रभावित भएको स्थानीय तहका प्रतिनिधिको दाबी थियो। आ.व. २०७६/०७७ मा राजस्व बाँडफाँटको रकम स्थानीय तहले समयमा पाएका थिएनन्। त्यस्तै संघ र प्रदेश सरकारबाट अनुदान समयमा नआउँदा पनि बजेट कार्यन्वयनमा समस्या परेको अनुभव स्थानीय तहका प्रतिनिधिको थियो। केही पालिकामा संघ सरकारबाट अनुदान ढिला आउने समस्या र कतिपय प्रदेश सरकारको अनुदान समयमा निकासा नहुने समस्या त्यहाँका प्रतिनिधिले जानकारी दिए। सुदूरपश्चिम र कर्णालीका केही (अति) दुर्गम पालिकाहरूले मन्त्रालयबाट पठाएका बजेटसम्बन्धी सूचना तथा जानकारी समयमै पाएका थिएनन्। दुर्गम पालिकामा इन्टरनेट तथा सञ्चारको सहज पहुँच नहुँदा संघ र प्रदेशले पठाएको अनुदान र योजनासम्बन्धी जानकारी समयमा प्राप्त हुन सकेको थिएन।[१६]

## ५. निष्कर्ष

आ.व. २०७७/०७८ सम्म आइपुग्दा स्थानीय तहले एक आंशिक र तीन पूर्ण बजेट ल्याइसकेका छन्। स्थानीय सरकारले बजेट तर्जुमा तथा योजना कार्यान्वयनमा तीन वर्षभन्दा बढीको अनुभव हासिल गरे पनि धैरै पालिकामा योजना तर्जुमा र बजेट कार्यान्वयनका प्रक्रियागत समस्या विद्यमान छन्। हरेक वर्षको असार १० मा स्थानीय सभामा बजेट पेश गर्नुपर्ने अनिवार्य प्रावधान हुँदाहुँदै पनि ४९ पालिकाले साउन मसान्तसम्म पनि पेश गर्न सकेनन्। तीमध्ये धैरैजसो (३५ पालिका) प्रदेश २ का थिए। शुरूका वर्षमा कानूनी तथा प्रक्रियागत पक्षको अस्पष्टता र निर्वाचित प्रतिनिधिहरूमा अनुभवको कमीका कारण स्थानीय सरकारलाई केही शंकाको लाभ थियो तर हालसम्म पनि धैरै स्थानीय तहमा समयमा बजेट प्रस्तुत गरेर योजना कार्यान्वयनमा लैजान नसक्नुले स्थानीय सरकारको सेवा प्रवाह र सुशासनको गुणस्तरमा सुधार हुन नसकेको देखाउँछ। यस्ता स्थानीय तहको नेतृत्वले प्रभावकारी ढंगले काम गर्न नसकेको त छँदैछ, प्रदेश र संघ सरकारले पनि समयमै आवश्यक सहयोग र क्षमता अभिवृद्धिका पक्षमा पर्याप्त ध्यान पुऱ्याउन नसकेकोले पनि सुधार नभएको हो।

आ.व. २०७६/०७७ को अन्त्यतिर र २०७७/०७८ मा कोभिड-१९ महामारीले पनि प्रभाव पारेकाले कतिपय योजना कार्यान्वयन र बजेट तथा तर्जुमा प्रक्रिया केही हदसम्म प्रभावित भएको पाइयो। कोभिड-१९ संक्रमण रोकथामका लागि अपनाइएका उपायमा सार्वजनिक भेला तथा कार्यक्रममा लगाइएको बन्देजले गर्दा धैरै स्थानीय तहमा जनसहभागितामूलक योजना तर्जुमा र कार्यान्वयनमा असर परेको थियो। संघ सरकारले कोभिड-१९ को महामारीलाई ध्यान दिएर तत्कालीन आवश्यकता पहिचान गर्न र कोभिड-१९ संवेदनशील योजना तर्जुमा गर्न स्थानीय तहलाई नमुना निर्देशिका प्रदान गरे पनि कोभिड-१९ संवेदनशील योजना तर्जुमा गर्ने कोशिस गरेको धैरै पालिकामा पाइएन। कोभिड-१९ का कारण योजना तर्जुमा प्रक्रियामा स्थानीय नागरिक र सरोकारवालाको सहभागिता निकै खुम्चिन गएकाले कैयौं सार्वजनिक महत्वका योजना प्राथमिकतामा नपर्ने वा बजेटमा कैयौं योजना उपेक्षित हुने सम्भावना देखियो।

केही पालिकाहरूले हरेक आर्थिक वर्षमा विषयगत प्राथमिकतामा बदलाव ल्याउन र भौतिक पूर्वाधार बाहेकका क्षेत्रमा पनि ध्यान दिन कोशिस गरेको दाबी गरेका थिए। उनीहरूले भौतिक पूर्वाधारबाहेक पनि कृषि, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रले पनि प्राथमिकता पाउनुपर्ने आवश्यकता महसुस गरेका थिए। कोभिड-१९ को कारण पनि संघ सरकारले हरेक स्थानीय एकाइमा अस्पताल निर्माण वा स्तरोन्नतिका लागि अनुदान पठाउने निर्णय गरेकाले स्वास्थ्य क्षेत्रमा पनि बजेट बढाउनुपर्ने आवश्यकता महसुस गरेका थिए। कोभिड-१९ को महामारीका समयमा भारतलगायत अन्य देशबाट धैरै नागरिकहरू देश फिर्ता भएको अवस्थालाई ध्यान दिएर सांकेतिक रूपमा कृषि र स्वरोजगारका कार्यक्रम विस्तार गरेको दाबी गरे पनि धैरैजसो स्थानीय एकाइले यसमा विशेष ध्यान दिन सकेका थिएनन्।

[१६] संघ र प्रादेशिक निकायहरूले स्थानीय तहलाई पत्राचार गर्दा वेबसाइटमार्फत विज्ञप्ति जारी गर्ने वा इमेलमार्फत पठाउने गरेका छन्।

प्रदेश २ र सुदूरपश्चिम प्रदेशका पालिका यस पक्षमा अझ कमजोर देखिए।

कोभिड-१९ र यसको प्रतिकार्यमा ध्यान दिनुपर्दा लगभग धेरैजसो पालिकामा योजना तथा विकासका पूर्वाधारका कार्यक्रम प्रभावित भए। कामदार नपाएको र मालसामान समयमा उपलब्ध हुन नसकेको कारण पनि योजना अवरुद्ध भएका थिए। कोभिड-१९ ले योजना कार्यान्वयनमा असर नपारेका पालिकाहरूमा भने आर्थिक वर्षको शुरूदेखि नै योजनाबद्ध ढंगले काम गरेकाले बजेट खर्च राम्रो भएको थियो। जनप्रतिनिधि बीचको विवाद, नेतृत्व क्षमता, समयमा कार्यक्रम सञ्चालन गर्ने पहलकदमी लगायतका कारण समयमै बजेट पेश गर्ने, गुणस्तरीय योजना तर्जुमा गर्ने, विषयगत प्राथमिकतामा व्यापक जनसहभागिता र छलफल लगायतका पक्षमा स्थानीय सरकारले ध्यान अझै पुऱ्याउनुपर्ने देखिन्छ। अन्य प्रदेशको तुलनामा प्रदेश २ का पालिकाको स्थिति झनै कमजोर छ। प्रदेश र संघ सरकारले स्थानीय सरकारले भोगेका समस्या पहिचान गरी आवश्यक सहयोग प्रदान गर्ने र गुणस्तरीय योजना तर्जुमा गरी कार्यान्वयन गर्ने पालिकाका उदाहरण र अनुभव अन्य पालिकामा पनि प्रसार गर्ने गरेमा स्थानीय शासनमा सुधार हुनेछ।